# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मिति २०८०/०३/०३

श्री सरोकारवालाहरु (सबै)
मालारानी गाउँपालिका, खनदह, अर्घाखाँची।

विषय: भुक्तानी बन्द हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम नियमावलीले फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम बाहेक अन्य सबै प्रकारका भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा सात (७) दिन अगावै भुक्तानी दिई निकाशा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकाशा बन्द गर्नुपर्ने व्यवस्था भएको हुँदा यस कार्यालयबाट भुक्तानी लिन बाँकी कार्यालय, निर्माण व्यवसायी, उपभोक्ता समिति, सहकारी संस्था, गैर-सरकारी संस्था, व्यवसायिक फर्म/संस्था लगायतका सम्पूर्ण व्यक्तिहरुले चालु प्रकृतिका खर्च तथा पूँजीगत प्रकृतिका खर्चको हकमा २०८०/०३/१५ भित्र सम्झौता तथा कार्यदेश बमोजिम कार्यसम्पन्न भएका कार्यक्रम तथा योजनाहरुको नियमानुसार कागजात तयार गरी समय सिमा भित्र पेश गर्नुहुन अनुरोध छ । साथै तोकिएको समय अवधिभित्र यस कार्यालयमा भुक्तानीको लागि कागजात पेश नभएमा/भुक्तानी नलिएमा यस गाउँपालिकाको कार्यालय जवाफदेहि नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

खुविराम पन्थी
लेखा अधिकृत

सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१. श्री सम्पुर्ण शाखाहरु:- मालारानी गाउँपालिकाको कार्यालय, अर्घाखाँची ।
२. श्री वडा कार्यालयहरु (सबै) मालारानी गाउँपालिकाको कार्यालय, अर्घाखाँची ।
३. श्री सूचना प्रविधि शाखा वेवसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।